अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०७७/०७८
च.नं. :

फोन नं.: ०९६-४१०२२२
e-mail: ito.amargadhimun@gmail.com
website: amargadhimun.gov.np


मिति:२०७७।१२।०१

विषय:- **शिक्षण सिकाइ अनुदान कोटामा शिक्षक व्यवस्थापन सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर, योजना तथा अनुगमन शाखाको च.नं. १७३, मिति २०७७।१०।११ को प्राप्त पत्र र शिक्षण सिकाइ अनुदान कार्यविधि, २०७७ को व्यवस्था तथा यस कार्यालयको मिति २०७७।१२।०१ को निर्णय बमोजिम आधारभूत तह (कक्षा ६-८) मा शुन्य दरवन्दी रहेका अमरगढी नगरपालिका अन्तर्गतका देहायका विद्यालयहरूमा अंग्रेजी, गणित र विज्ञान विषय शिक्षक व्यवस्थापन गर्न शिक्षण सिकाइ सहयोग अनुदान उपलब्ध गराइने भएकाले सम्बन्धित विद्यालयहरूले १५ दिनभित्र तपसिल बमोजिम गर्न गराउनहुन सूचित गरिन्छः

**शिक्षण सिकाइ सहयोग अनुदान प्रदान गरिने विद्यालयहरू**

| सि. नं. | विद्यालयको नाम | प्रदान गरिने अधिकतम अनुदान रु. | कैफियत |
|---|---|---|---|
| १ | असिग्राम आ.वि. लिटिरीगाउँ | १६९२००।- | मासिक रु.२८२०० का दरले बढीमा ६ महिनाको लागि |
| २ | सिद्धनाथ आ.वि. चिरकिट्टे | १६९२००।- | |
| ३ | निलकण्ठ आ.वि. लरडा | १६९२००।- | |
| ४ | बैजनाथ आ.वि. हरडी भलिया | १६९२००।- | |
| ५ | त्रिपुरा सुन्दरी आ.वि. बिरखम्ब | १६९२००।- | |

**अनुदान प्राप्त गर्ने विद्यालयले शिक्षक व्यवस्थापनका लागि सम्पादन गर्नुपर्ने कार्यहरू:**

१. विद्यालयको आवश्यकता बमोजिम सम्बन्धित तहको विषयगत शिक्षक (अंग्रेजी,गणित वा विज्ञान) प्रचलित ऐन तथा नियमावलीमा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा छनौट गर्ने।

२. छनौट भएका शिक्षकलाई विद्यालयले करार सम्झौता गर्ने। करार अवधि बढीमा ६ महिनासम्म मात्र हुने।

३. विद्यालय व्यवस्थापन समितिले यस्तै अनुदान अनुरुप शिक्षण सेवा करारमा लिइएको व्यक्तिको शिक्षण कार्य सम्पादनका आधारमा प्राथमिकता दिई पुनः करार गर्न सकिने।

४. अन्य व्यवस्था शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि २०७७ को व्यवस्थाबमोजिम हुने।

५. माथी १ देखि ३ सम्मका सम्पूर्ण प्रक्रिया पुरा गरेका कागजातका प्रमाणित प्रतिलिपिहरू यस कार्यालयमा उपलब्ध गराएपश्चात मात्र अनुदान उपलब्ध गराइने।

०७७/१२/०१

(हेमन्त राज पन्त)
शाखा अधिकृत



Scanned with CamScanner